# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

### प्रदेश निजामती सेवा अन्तर्गत नेपाल स्वास्थ्य सेवाका नवौं तहका प्राविधिक पदहरुको

## बढुवाद्वारा पदपूर्ति हुने पदसंख्या सम्वन्धी सूचना

**सूचना नं. ३५/२०७८/०७९** **प्रकाशन मितिः-२०७८।०९।२८**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम गण्डकी प्रदेश सरकार अन्तर्गत रिक्त रहेका पदहरुको पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखराबाट प्राप्त नेपाल स्वास्थ्य सेवा नवौं तहका विभिन्न पदहरुको माग संख्याको प्रतिशत निर्धारण गरी कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने पदपूर्तिका लागि देहाय अनुसारका पद संख्याहरु सुरक्षित राखिएको छ। बढुवा तर्फका उक्त पदहरुको पदपूर्ति प्रदेश निजामती सेवा सम्बन्धी कानून वमोजिम हुने व्यहोरा समेत सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | पद, सेवा, समूह, तह | कार्यक्षमता मुल्याङ्कनद्वारा बढुवा हुने पद संख्या | कैफियत |
|---|---|---|---|
| १ | नर्सिङ प्रशासक,स्वास्थ्य,जनरल नर्सिङ,नवौं | १ | |
| २ | जनस्वास्थ्य प्रशासक,स्वास्थ्य,हे.ई.,नवौं | ४ | |
| ३ | मेडिकल सुपरिटेण्डेन्ट,स्वास्थ्य,ज.हे.स.,नवौं | २ | |
| ४ | स्वास्थ्य प्रशासक,स्वास्थ्य,प.हे.ए.,नवौं | १ | |
| ५ | कन्सल्टेण्ट पिडियाटिसियन,स्वास्थ्य,पेडियाट्रिक्स/मेडिसिन,नवौं | २ | |
| ६ | कन्सल्टेण्ट अब्टेस्टेसियन,स्वास्थ्य,अब्टेस्टिसियन,नवौं | २ | |
| ७ | कन्सल्टेण्ट सर्जन,स्वास्थ्य,सर्जरी,नवौं | १ | |
| ८ | अर्थोपेडिक सर्जन,स्वास्थ्य,सर्जरी,नवौं | १ | |
| ९ | साइक्याटिस्ट,स्वास्थ्य,साइक्याटि,नवौं | १ | |
| १० | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट,स्वास्थ्य,एनेस्थोसियोलोजी,नवौं | १ | |
| ११ | कन्सल्टेण्ट जनरल फिजिसियन,स्वास्थ्य,मेडिसिन,नवौं | १ | |
| १२ | कन्सल्टेण्ट जनरल रेडियोलोजिष्ट,स्वास्थ्य,रेडियोलोजी,नवौं | १ | |
| १३ | कन्सल्टेण्ट प्याथोलोजिष्ट,स्वास्थ्य,प्याथोलोजी,नवौं | १ | |
| १४ | कन्सल्टेण्ट मेडिकल जनरललिष्ट,स्वास्थ्य,मेडिकल/जनरलिष्ट,नवौं | १ | |
| १५ | कन्सल्टेण्ट डर्माटोलोजिष्ट,स्वास्थ्य,डर्मालोजिष्ट,नवौं | १ | |
| १६ | कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट,स्वास्थ्य,प्याथोलोजी,नवौं | १ | |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

| क्र.सं. | पद, सेवा, समूह, तह | कार्यक्षमता मुल्याङ्कनद्वारा बढुवा हुने पद संख्या | कैफियत |
|---|---|---|---|
| १७ | स.उ.प्र.मे.टे.,स्वास्थ्य,मे.ल्या.टे.,नवौं | १ | |
| | जम्मा | २३ | |

---

# प्रदेश निजामती सेवा अन्तर्गत नेपाल स्वास्थ्य सेवा नवौं तहका प्राविधिक पदहरुको

# आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ३६ /२०७८/०७९** **प्रकाशन मितिः-२०७८।०९।२८**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था अनुसार प्रदेश सरकार अन्तर्गत रिक्त भएका नेपाल स्वास्थ्य सेवा, नवौं तहका विभिन्न पदहरूको आन्तरिक, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ।तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली http://onlineppsc.gandaki.gov.np बाट अनलाइन दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरामा सिफारिस गरिनेछ।

| सि.नं. | विज्ञापन नं. | विज्ञापन किसिम | पद, सेवा, समूह, उपसमूह, तह | पद संख्या |
|---|---|---|---|---|
| १ | १५८/२०७८-७९ | आ.प्र. | नर्सिङ प्रशासक,स्वास्थ्य,जनरल नर्सिङ,नवौं | १ |
| २ | १५९/२०७८-७९ | आ.प्र. | जनस्वास्थ्य प्रशासक,स्वास्थ्य,हे.ई.,नवौं | २ |
| | १६०/२०७८-७९ | खुला | | १ |
| | १६१/२०७८-७९ | महिला | | १ |
| ३ | १६२/२०७८-७९ | आ.प्र. | मेडिकल सुपरिटेण्डेन्ट,स्वास्थ्य,ज.हे.स.,नवौं | २ |
| | १६३/२०७८-७९ | खुला | | १ |
| ४ | १६४/२०७८-७९ | आ.प्र. | स्वास्थ्य प्रशासक,स्वास्थ्य,प.हे.ए.,नवौं | १ |
| ५ | १६५/२०७८-७९ | आ.प्र. | कन्सल्टेण्ट पिडियाटिसियन, स्वास्थ्य,पेडियाट्रिक्स/मेडिसिन,नवौं | १ |
| | १६६/२०७८-७९ | खुला | | १ |
| ६ | १६७/२०७८-७९ | आ.प्र. | कन्सल्टेण्ट अब्टेस्टेसियन, स्वास्थ्य, अब्स्ट्रेष्टिक/ गाइनोकोलोजी, नवौं | १ |
| | १६८/२०७८-७९ | खुला | | १ |
| ७ | १६९/२०७८-७९ | आ.प्र. | कन्सल्टेण्ट सर्जन,स्वास्थ्य,सर्जरी,नवौं | १ |
| | १७०/२०७८-७९ | खुला | | १ |
| ८ | १७१/२०७८-७९ | आ.प्र. | अर्थोपेडिक सर्जन,स्वास्थ्य,सर्जरी,नवौं | १ |
| | १७२/२०७८-७९ | खुला | | १ |
| ९ | १७३/२०७८-७९ | आ.प्र. | साइक्याटिस्ट,स्वास्थ्य,साइक्याट्री,नवौं | १ |

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

| सि.नं. | विज्ञापन नं. | विज्ञापन किसिम | पद, सेवा, समूह, उपसमूह, तह | पद संख्या |
|---|---|---|---|---|
| १० | १७४/२०७८-७९ | आ.प्र. | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, | १ |
| | १७५/२०७८-७९ | खुला | स्वास्थ्य,एनेस्थेसियोलोजी,नवौं | १ |
| ११ | १७६/२०७८-७९ | आ.प्र. | कन्सल्टेण्ट जनरल फिजिसियन, | १ |
| | १७७/२०७८-७९ | खुला | स्वास्थ्य,मेडिसिन,नवौं | १ |
| १२ | १७८/२०७८-७९ | आ.प्र. | कन्सल्टेण्ट जनरल रेडियोलोजिष्ट, | १ |
| | १७९/२०७८-७९ | खुला | स्वास्थ्य,रेडियोलोजी,नवौं | १ |
| १३ | १८०/२०७८-७९ | आ.प्र. | कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य,प्याथोलोजी,नवौं | १ |
| | | | जम्मा | २५ |

<u>परीक्षा कार्यतालिका:-</u>

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह, तह | परीक्षा मिति र समय | |
|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय पत्र |
| | | | विहान ८:३० बजे | |
| १. | १५८/ २०७८-७९ | नर्सिङ प्रशासक,स्वास्थ्य,जनरल नर्सिङ,नवौं | २०७८/१२/०५ | २०७८।१२।०६ |
| २. | १५९-१६१/२०७८-७९ | जनस्वास्थ्य प्रशासक,स्वास्थ्य,हे.ई.,नवौं | | २०७८।१२।०७ |
| ३. | १६२-१६३/२०७८-७९ | मेडिकल सुपरिटेण्डेन्ट,स्वास्थ्य,ज.हे.स.,नवौं | | २०७८।१२।०८ |
| ४. | १६४/ २०७८-७९ | स्वास्थ्य प्रशासक,स्वास्थ्य,प.हे.ए.,नवौं | | २०७८।१२।०९ |
| ५. | १६५-१६६/२०७८-७९ | कन्सल्टेण्ट पिडियाटिसियन, स्वास्थ्य,पेडियाट्रिक्स/मेडिसिन,नवौं | | २०७८।१२।१२ |
| ६. | १६७-१६८/२०७८-७९ | कन्सल्टेण्ट अब्टेस्टेसियन, स्वास्थ्य, अब्स्ट्रेष्टिक/ गाइनोकोलोजी, नवौं | | २०७८।१२।१३ |
| ७. | १६९-१७०/२०७८-७९ | कन्सल्टेण्ट सर्जन,स्वास्थ्य,सर्जरी,नवौं | | २०७८।१२।१४ |
| ८. | १७१-१७२/२०७८-७९ | अर्थोपेडिक सर्जन,स्वास्थ्य,सर्जरी,नवौं | | २०७८।१२।१५ |
| ९. | १७३/ २०७८-७९ | साइक्याटिस्ट,स्वास्थ्य,साइक्याट्रि,नवौं | | २०७८।१२।१६ |
| १०. | १७४-१७५/२०७८-७९ | कन्सल्टेण्ट एनेस्थोसियोलोजिष्ट, स्वास्थ्य,एनेस्थोसियोलोजी,नवौं | | २०७८।१२।१७ |
| ११. | १७६-१७७/२०७८-७९ | कन्सल्टेण्ट जनरल फिजिसियन, स्वास्थ्य,मेडिसिन,नवौं | | २०७८।१२।१८ |
| १२. | १७८-१७९/२०७८-७९ | कन्सल्टेण्ट जनरल रेडियोलोजिष्ट, स्वास्थ्य, रेडियोलोजी,नवौं | | २०७८।१२।१९ |
| १३. | १८०/२०७८-७९ | कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य,प्याथोलोजी,नवौं | | २०७८।१२।२० |

**परीक्षाको किसिम:-** लिखित परीक्षा र अन्तरवार्ता

**परीक्षा केन्द्र:-** पोखरा, गण्डकी प्रदेश।

**दरखास्तको माध्यम:-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली https://onlineppsc.gandaki.gov.np/ मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।

**दरखास्त दस्तुर:-** दरखास्त दस्तुर रु.१२०० (एक हजार दुई रुपैया) बुझाउनु पर्नेछ। समावेशी समूह

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश

तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारले थप समूहको प्रत्येकको लागि ५००।- (पाँच सय) का दरले परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फारम submit गरिसकेपछि My Application ➔ All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक/नेपाल बैंक Select गर्ने र Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्ने।

**<u>Online Payment (Connect IPS) बाट दरखास्त दस्तुर भुक्तानी गर्नः</u>** Online Payment Select गरी Next मा click गर्ने त्यसपछि Connect Ips Login गरी रकम भुक्तानी गर्न सकिनेछ।

**<u>बैंक भौचरबाट दरखास्त दस्तुर भुक्तानी गर्नः</u>** Offline Payment, Select गर्ने Next मा Click गर्ने Voucher Generate मा Click गर्ने त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचर सहित सम्वन्धित बैंकमा गई तोकिएको रकम बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएकै स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७८/१०/१८ सम्म र दोब्बर दस्तुर तिरी २०७८ /१०/२५ सम्म।

**उम्मेदवारको उमेरको हदः-** २०७८/१०/१८ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको र वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा समूह सम्वन्धी।

**तलब तथा सेवा सुविधाः-** प्रचलित कानून बमोजिम।

## <u>आवश्यक न्यूनतम योग्यताः</u>

(अ) **आन्तरिक प्रतियोगितात्मक (आ.प्र.) परीक्षाको लागिः** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनु पर्नेछ । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ । दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी परिषद्मा दर्ता/नवीकरण भएको हुनुपर्नेछ ।

(आ) **खुला प्रतियोगितात्मक परीक्षाको लागिः** नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची- ६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई

वर्षले कम हुनेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी परिषद्मा दर्ता/नवीकरण भएको हुनुपर्नेछ ।

**द्रष्टव्य**

(क) वहालवाला स्थायी निजामती कर्मचारीले दरखास्तको मितिसम्म वहाल रहेको कागजात प्रमाणित गराई पेश गर्नुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ख) समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त लिइने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने अवस्था भएमा यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको ) भन्ने व्यहोराको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।

(ङ) उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ। उम्मेदवारको फाराम स्वीकृती/अस्वीकृती तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत् जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।

(च) विज्ञापन नम्बर एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर छनौट गर्नुपर्नेछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) पाठ्यक्रम आयोगको वेबसाइट ppsc.gandaki.gov.np बाट प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागि:** ०६१-४६७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश